**धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय**

धरान, सुनसरी, प्रदेश नं. १, नेपाल

नगर कार्यपालिका बैठक

**बैठक संख्या १/०७६/०७७**

आज मिति २०७६ श्रावण २९ गते दिउँसो २:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठक कार्यवहाक नगर प्रमुख श्री मञ्जु भण्डारी सुवेदीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री मञ्जु भण्डारी सुवेदी | का. वा. नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री दिल बहादुर तामाङ्ग | का. वा. वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जिवनराज सुवेदी | का. वा. वडा अध्यक्ष | धरान-७ | |
| ९. | श्री राम थापा मगर | का. वा. वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंक बहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री दिपक आचार्य | का. वा. वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री जमुना त्रिखत्री मोक्तान | का. वा. वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २३. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २४. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २६. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २७. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २८. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २९. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |

| क.सं | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ३०. | श्री विनोद कुमार पोखरेल | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| ३१. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

वैठकमा छलफल र निर्णय भएका विषयहरुः-

१. आय व्यय सार्वजनिक तथा वार्षिक समिक्षा वैठक सम्बन्धमा ।

धरान उपमहानगरपालिकाले आर्थिक वर्ष २०७५/०७६ मा गरेका कामहरुको र आय व्ययहरुको साथै सुधार गर्नुपर्ने कुराहरुलाई समावेशगरी मिति २०७६/०५/ ८ र ९ गते वृहतभेला गरी समिक्षा गर्ने निर्णय गरियो ।

२. डेंगु नियन्त्रण अभियान सम्बन्धमा ।

केहि महिना अघिदेखि धरानमा फैलिएको डेंगु पूर्ण रुपमा नियन्त्रणमा नआएकाले त्यसलाई नियन्त्रण गर्न हरेक वडामा डेंगु नियन्त्रण विशेष अभियान संचालन गर्ने र यसका लागि स्वास्थ्य र वातावरण महाशाखाले समन्वय गर्ने निर्णय गरियो ।

३. विभिन्न कर र शुल्क संकलन सम्बन्धमा ।

धरान उपमहागरपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०७६/०४/२८ र २०७६/०४/२९ गेतको बैठकले गरेको निर्णय एवं सिफारिशको आधारमा धरान उपमहानगरपालिकाको आर्थिक ऐन, २०७६ को दफा २४ बमोजिम निम्न अनुसारको राजस्व स्रोत परिचालन सम्बन्धी व्यवस्था गर्ने निर्णय गरीयो ।

(क) विज्ञापन करको न्युनतम कबुल अंक रु. २५ (पच्चिस) लाख कायम गरी ३ वर्ष अवधिको लागी वार्षिक १० प्रतिशत ठेक्का रकम बृद्धि हुने गरी ३० दिने म्याद दिई बोलपत्र आह्वान गरी ठेक्का मार्फत राजश्व संकलन गर्ने ।

(ख) कवाडि सामाग्रिको विक्रिमा लाग्ने कर संकलनका लागि न्यूनतम कबुल अंक रु. ११( एघार) लाख कायम गरी १ वर्ष अवधिकोलागि ठेक्कामा दिन ३० दिनको म्याद दिई बोलपत्र आवह्वान गर्ने ।

(ग) जडीबुटी र जिवजन्तुमा आर्थिक ऐन २०७६ अनुसार संकलन गरिने राजश्व संकलनको लागि कृषि उपज बजार संचालक समिति धरान १३ सँग समन्वय गरी आवश्यक प्रकृया अगाडि बढाउने ।

(घ) धरान उपमहानगरपालिकाको पशुसेवा शाखाले प्रदान गर्ने सेवामा निम्न अनुसार सेवा शुल्क लिने निर्णय गरियो

१. निरोगीता प्रमाणित - खसि, बोका, बाख्रा, पाठा, पाठी प्रति गोटा रु.२५/-

२. खसी पारेको प्रति गोटा रु. ५०/-

३. कृतिम गर्भाधारण (AI) - प्रतिगोटा रु .१००-/

(ङ) धरान देविमार्ग १३-स्थित झोलुङ्गेपुल क्षेत्र र FLOWER BRIDGE क्षेत्रमा पार्किङ्ग स्थल तोक्ने र उक्त स्थानमा मोटर साईकल/स्कुटरलाई रु. १०/- र अन्य सवारी साधनहरु वार्षिक तिरेका बाहेकलाई रु. २०/- निर्धारण गर्ने निर्णय गरियो।

(च) धरान-१३ देवी मार्ग स्थित झोलुङ्गे पुल स्थलमा पार्किङ्ग शुल्क संकलन गर्न देवी मार्ग टोल सुधार समुह धरान-१३ लाई र धरान १३ कै FLOWER BRIDGE क्षेत्रको पार्किङ्ग स्थलमा लालि गुराँस आमा समुह धरान-१३ लाई उठेको रकमको ६० प्रतिशत न.पा. ले पाउने र ४० प्रतिशत सम्बन्धीत संस्थाले प्राप्त गर्ने गरी पार्किङ्ग शुल्क संकलन गर्न जिम्मेवारी दिने निर्णय गरीयो ।यसका लागि न.पा. ले नगदी रसिद उपलब्ध गराउने र अन्य सबै व्यवस्था सम्बन्धी संस्थाले गर्ने समेत निर्णय गरियो ।

(छ) धरान उपमहानरपालिकाको आर्थिक ऐन २०७६ को अनुसुची – वमोजिम लाग्ने पार्किङ्ग शुल्कमा बसहरुको वार्षिक पार्किङ्ग शुल्क रु. ६५००/- कायम गर्ने निर्णय गरियो ।

४. कवाडी व्यवस्थापन सम्बन्धमा ।

धरान नगरक्षेत्रका मुख्य वजार क्षेत्रमा कवाडी पसलहरु रहेका र उक्त कवाडी पसलहरुले विभिन्न रोग फैलाउने, दुर्गन्ध फैलाउने लगायतका समस्या ल्याएकाले उक्त कवाडी पसलहरु व्यवस्थापन गर्न सुझाव दिन तपसिलको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक - श्री श्रीप्रसाद सुब्बा, १० नं. वडा अध्यक्ष
सदस्य - श्री सूर्यबहादुर भट्टराई, १७ नं. वडा अध्यक्ष
सदस्य - श्री वावुलाल लामा, ११ नं. वडा अध्यक्ष
सदस्य - श्री कल्पना थापा, नगर कार्यपालिका सदस्य
सदस्य - श्री विनिता बज्राचार्य, नगर कार्यपालिका सदस्य
सदस्य सचिव- श्री विष्णुप्रसाद कोइराला, नगर प्रहरी प्रमुख

५. कानून तर्जुमा मस्यौदा समिति गठन गर्ने सम्बन्धमा ।

प्रदेश नं. १ प्रदेश सरकारबाट जारी गरेको गाँऊ सभा र नगर सभा संचालन कार्यविधी ऐन २०७५ को दफा २२ मा व्यवस्था भए अनुसार तपशिल अनुसारको कानून तर्जुमा मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक - का.वा. प्रमुख/ उप प्रमुख श्री मञ्जु भण्डारी सुवेदी
सदस्य - श्री भुवन सिंह वस्नेत, ६ नं. वडा अध्यक्ष
सदस्य - श्री श्रीप्रसाद सुब्बा, १० नं. वडा अध्यक्ष
सदस्य - श्री विकास बनेपाली, ३ नं. वडा सदस्य एवं न्यायीक समिति सदस्य
सदस्य - श्री व्रमहज्ञ भट्टराई, वडा सदस्य धरान-१२
सदस्य - श्री रिचा शंखर, वडा सदस्य धरान-९
सदस्य - श्री शरद रत्न प्रार्थिव, वडा सदस्य धरान-९
सदस्य - श्री सुवास वर्देवा, वडा सदस्य धरान-१७
सदस्य सचिव - प्रशासन महाशाखा प्रमुख

६. स्वास्थ्य संस्था दर्ता अनुमती तथा नविकरण सम्बन्धी निर्देशिका स्वीकृत गर्ने सम्बन्धमा ।

धरान नगर क्षेत्रमा रहेका र अब स्थापना हुने स्वास्थ्य संस्थाहरुलाई व्यवस्थापन गर्न सम्बन्धीत महाशाखाबाट तयार भई नगर स्तरीय स्वास्थ्य व्यवस्थापन समितिको वैठकबाट स्वीकृत तथा सिफारिस भई आएको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।उक्त निर्देशिका छुट्टै प्रमाणित गरेर राखिनेछ ।

७. नगर दररेट सम्बन्धमा ।

धरान उपमहानगरपालिकाको आ.व.-२०७६/०७७ का लागि शहरी पूर्वाधार विकास महाशाखाबाट तयार भै पेश भएको कामदारको ज्याला, निर्माण सामाग्री, ढुवानी, मेशिन तथा उपकरणको भाडा सम्बन्धी धरान नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो ।स्वीकृत दररेट छुट्टै प्रमाणित गरि राखिने छ ।

८. कार्यवहाक नगरप्रमुखको विदेश भ्रमण स्वीकृत गर्ने सम्बन्धमा ।

प्रधानमन्त्रीको कार्यालयबाट मिति २०७६/०५ /०३ गते देखि १२ गते सम्म चाइनाको भ्रमणका लागि कार्यवाहक नगर प्रमुखज्यूलाई छनौट गरेकोमा प्रधानमन्त्री कार्यलयलाई धन्यवाद दिदै का.वा. प्रमुखज्यूको भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

९. समिति गठन गर्ने सम्बन्धमा ।

धरान उपमहानगरपालिका अन्तर्गत रहेका वडा नं. १३ र २० मा रहेको जैविक विविधता पार्क, वि.पि. पार्क, ओशो आश्रम, FLOWER BRIDGE लगाएतका क्षेत्रको व्यवस्थापन गर्न तपसिल अनुसारको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| संरक्षकः- | नगरप्रमुख |
| पदेन सदस्यः- | वडा नं. २०,४ र १३ का वडा अध्यक्षहरु |
| सदस्यः- | लालि गुँरास आमा समुह धरान-१३ का प्रतिनिधी |
| सदस्यः- | नवयुग संस्था धरान -१३ का प्रतिनिधी |
| सदस्यः- | ओशो आश्रमको प्रतिनिधी |
| सदस्यः- | विपी पार्क व्यवस्थापन समितिको प्रतिनिधी |
| सदस्यः- | जैविक विविधता पार्क व्यवस्थापन समितिको प्रतिनिधी |
| सदस्यः- | निशन सारङ्गा सामुदायिक वनको प्रतिनिधी |
| सदस्यः- | कालिखोला सामुदायिक वनको प्रतिनिधी |
| सदस्यः- | वन वातावरण समिति संयोजक धरान उपमहानगरपालिका |
| सदस्य सचिवः- | प्रशासन महाशाखा |

१०. कानूनी सल्लाहकार र प्रेश संयोजक सम्बन्धमा ।

नगरपालिकाले बनाउनु पर्ने कानूनहरुको मस्यौदा तर्जुमा गर्न लगाएत न्यायीक समितिका कामलाई समेत सहयोग गर्न धरान- १५ निवासी अधिवक्ता दिरेन्द्र बहादुर वस्नेतलाई कानूनी सल्लाहकार नियुक्ति गर्ने र प्रेस संयोजक तोक्न नगर प्रमुखलाई अधिकार प्रत्योजन गर्न निर्णय गरियो ।

आजको वैठक ६ बजे समाप्त भयो ।